# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७३।०३।१५ गते

## प्रेस विज्ञप्ति
**विषयः आरोपपत्र दायर गरिएको ।**

-----------------------------------------

प्रहरी प्रधान कार्यालय अन्तर्गत सीमा प्रहरी चौकी, रानी बिराटनगरमा कार्यरत प्रहरी नायब निरीक्षक महावीर यादवले शुरु नियुक्ति एवं बढुवा प्रयोजनको लागि पेश गरेको बिहार इन्टरमिडियट एजुकेसन काउन्सिल, भारतबाट सन् १९९० मा आई.ए. तह उत्तिर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुट्टा देखिन आएकोले निज उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम हदैसम्मको दण्ड सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोपपत्र दायर गरिएको छ ।

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता